नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक २२७ २०७९ साल चैत २८ गते मंगलबार (11 Apr. 2023 Tuesday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

हावाहुरीबाट बचौं र बचाऔं

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौंड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

जनहीतका लागि

*यस अंक भित्र :* २ पृष्ठमा : वर्ष २०७९ : 'संसदीय अभ्यास उत्साहवर्द्धक.. ३ पृष्ठमा : लिङ्ग पहिचानको असर.. ३ पृष्ठमा : फिलिपिन्समा एक हप्तामा ...

# २७ दिनमा ३५ जनाले गरे आत्महत्याका प्रयास, ६ जनाले गुमाए ज्यान

## एकै दिन थप दुई युवाले गरे आत्महत्या

**नवीनकुमार गुप्ता**
**राजविराज, २७ चैत ।**

सप्तरीमा आत्महत्याका घटनाले भयावह रुप लिइरहेको छ । दिनहुँ जसो एकपछि अर्को आत्महत्याका घटना सार्वजनिक भइरहेको बेला सोमबार जिल्लामा थप दुई यूवकले झुण्डिएर आत्महत्या गरेका छन् ।

योसँगै पछिल्लो २७ दिनको अवधीमा झुण्डिएर तथा विष सेवन गरेर मृत्यु हुनेको संख्या ६ पुगेको छ । जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी नरेश कुमार सिंहका अनुसार यस अवधीमा विष सेवन र झुण्डिएर आत्महत्याको प्रयास गर्नेको संख्या ३५ रहेको छ । जसमध्ये ६ जनाको मृत्यु तथा २९ जना घाइते भई उपचारका क्रममा रहेका छन् । आत्महत्याको प्रयास गर्नेहरुमा १२ वर्षिय किशोरकिशोरीदेखी ८० तथा ७५ वर्षिय बृद्धबृद्धासम्म रहेको प्रहरीको तथ्याङ्ले देखाउँछ ।

**चैतको १ देखी २७ गतेसम्म**

- झुण्डिएर तथा विष सेवन गरेर मृत्यु हुनेको संख्या : ६
- विष सेवन र झुण्डिएर आत्महत्याको प्रयास गर्नेको संख्या : ३५
- घाइतेको संख्या : २९

जिल्लामा गत आर्थिक वर्ष २०७८/७९ मा झुण्डिएर, विष सेवन गरेर र आगो लगाएर १ सय ३६ जनाले ज्यान गुमाएका थिए भने २०७९/८० को हालसम्मको अवधीमा विष सेवन र झुण्डिएर ८१ जनाले आत्महत्या गरेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

विभिन्न घरायसी विवाद, झगडा, श्रीमान श्रीमतीबीच विवाद लगायतका कारण विषादी सेवन तथा झुण्डिएर आत्महत्या गर्नेको संख्या बढ्दै गएकोप्रति जिल्लाका सरोकारवाला निकाय समेत चिन्तित बनेका छन् ।

यता प्रहरीले यस्ता घटनाहरु प्रति गम्भिर हुँदै जिल्लाको सम्पूर्ण पालिका तथा विद्यालयहरुमा सचेतनामूलक कार्यक्रम संचालन समेत गर्दै आइरहेको छ तर, पनि यी घटनाहरुमा कमी आउनुका साटो झनै बृद्धि हुँदै गएकोमा चिन्तित देखिन्छन् ।

प्रहरीका अनुसार सोमबार राजविराज नगरपालिका ११ झल्ही टोल बस्ने दिनेश मंडलका १७ वर्षिय छोरा राजु मंडलले आफ्नै सुत्ने कोठामा सिलिङ फ्यानको फलामको हुकमा गम्छाको पासो लगाई आत्महत्या गरेका छन् । राजुको शव झुण्डिएको अवस्थामा भेटेपछी परिवारजनले प्रहरीलाई खबर गरेका थिए ।

शवलाई पोष्टमार्टमका लागि गजेन्द्र नारायण सिंह अस्पताल पुऱ्याई घटनाका विषयमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यस्तै सोमबारै बिहान ८ बजेतिर महादेवा गाउँपालिका ४ बलिया टोल निवासी रामभरोस यादवका २१ वर्षिय छोरा अशोक यादवले झुण्डिएर आत्महत्या गरेका छन् । आफ्नै कोठामा बाँसको बलोमा प्लाष्टिकको डोरीको पासो लगाई उनले आत्महत्या गरेको पाइएको डिएसपी सिंहले जानकारी दिए ।

छोरा झुण्डिएको र छटपटाई रहेको अवस्थामा देखेर उनको आमा चिच्याएपछि जम्मा भएका परिवारजनले उनलाई तत्कालै डोरी (पासो) काटेर भुईमा राखेपनि उनको मृत्यु भइसकेको पाइएको डिएसपी सिंहले बताए ।

आत्महत्याको कारण खुल्न नसकेको तथा शव पोष्टमार्टमका लागि स्थानिय गजेन्द्र नारायण सिंह अस्पताल राजविराज पुऱ्याई घटना बारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# आगलागिमा दुई घर र नगदसहित झण्डै ९ लाख मुल्य बराबरको क्षति

**दैनिक समाचारदाता**
**राजविराज, २७ चैत ।**

सप्तरीको बोदेबरसाइनमा आइतवार आगलागि हुँदा दुई घर, नगदसहित झण्डै ९ लाख मुल्य बराबरको क्षति भएको छ ।

बोदेबर्साइन नगरपालिका ८ काचन बस्ने अशोक रामको घरमा आइतबार बिजुलीको तार सर्ट भई आगलगि हुँदा अशोकसहित हरिनारायण मोची घर जल्दा उक्त ८ लाख ७३ हजार मुल्य बराबरको क्षति भएको प्रहरीले जनाएको छ ।

आगलागिमा अशोक रामको घर, लताकपडा, धान, चामल, साईकल लगायत जलेर नष्ट हुँदा १ लाख ५४ हजार मुल्य बराबरको क्षति भएको हो । यस्तै छिमेकी हरी नारायण मोचीको घर, नगद १ लाख ७० हजार, चाँदीको गहना, लत्ताकपडा, साईकल, चामल, धान, गँहु लगायत जलेर नष्ट हुँदा ७ लाख १९ हजार मुल्य बराबरको क्षति भएको प्रहरीले जनाएको छ ।

आगो स्थानिय बासी, नेपाल प्रहरी र दमकलको सहयोगमा पुर्ण रुपमा नियन्त्रणमा आएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यस्तै आइतबारै जिल्लाको सप्तकोशि नगरपालिका १० भगनिस्थित बिजुलिको पोलको तार सर्ट भई निस्केको आगोको झिल्काले स्थानिय सुकदेव चौधरीको परालको टालमा आगलागि भएको छ । सो आगलागिमा १५ हजार मुल्य बराबरको क्षति भएको प्रहरीले जनाएको छ ।

# अटो रिक्सा पल्टिदा तीन जना घाइते

**दैनिक समाचारदाता**
**राजविराज, २७ चैत ।**

सप्तरीको अग्निसाईर कृष्णसावरण गाउँपालिका ५ जन्डोलस्थित भित्री सडक खण्डमा अटो रिक्सा आफै अनियन्त्रित भएर पल्टिदा अटोमा सवार तीन जना घाइते भएका छन् ।

उत्तरबाट दक्षिणतर्फ जादै गरेको को.२ह.५६८१ नं. को अटो रिक्सा आफै अनियन्त्रित भई पल्टिदा अटोमा सवार स्थानिय ५० वर्षिया बेचनि खातुन, ३० वर्षिया सैईफल खातुन र २८ वर्षिय मो. फिरोज घाइते भएको प्रहरीले जनाएको छ ।

घाइते तीनै जनाको स्थानिय अहिर अस्पताल जण्डोलमा उपचार भईरहेको तथा अटो रिक्सा चालक सोही गापा १ बस्ने हैदर मिया फरार रहेकोले खोजतलास भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# दुर्घटनामा छोरीको मृत्यु, बाबु गम्भिर घाइते

**दैनिक समाचारदाता**
**राजविराज, २७ चैत ।**

पूर्वपश्चिम राजमार्ग अन्तरगत सप्तरीको खडक नगरपालिका ७ स्थित कल्याणपुर बजार क्षेत्रमा आइतबार साँझ मोटरसाइकललाई कारले ठक्कर दिएपछि अनियन्त्रित भई ट्रकमा ठोकिन पुग्दा १० वर्षिया नाबालिक छोरीको ज्यान गएको छ भने बाबु गम्भिर घाइते भएका छन् ।

सो दुर्घटनामा उदयपुरको त्रियुगा नगरपालिका ६ बगा टोल निवासी १० वर्षिया ऐन्जिला बस्नेतको ज्यान गएको हो । दुर्घटनामा उनका ३६ वर्षिय बुवा ध्रुव बस्नेत गम्भिर घाइते भएका छन् ।

पाखुरा, खुटा र छातीमा चोट लागेको उनको स्थानिय छिन्नमस्ता अस्पतालमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी नरेशकुमार सिंहले जानकारी दिए । ऐन्जिलाको भने सोही अस्पतालमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार उनले चलाइरहेको को.१प.१९१ नम्बरको मोटरसाइकललाई सुरुमा विपरीत दिशाबाट आइरहेको बा.३च.५२९३ नम्बरको कारले ठक्कर दिएको थियो । त्यसपछि अनियन्त्रित भई पूर्वबाट पश्चिम तर्फ तिब्र गतिमा जाँदै गरेको ना.६ख. ९८५२ नम्बरको ट्रकमा ठोकिन पुग्दा सो दुखद घटना भएको हो ।

कार, ट्रक तथा दुवैका चालकलाई नियन्त्रणमा लिई दुर्घटना बारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# खाल्डो खनी लागु औषध राखेको अवस्थामा राई पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, २७ चैत ।**

प्रहरीले सप्तरीको अग्निसाईर कृष्णसावरण गाउँपालिका २ चौफल टोलबाट एक युवालाई घरमा खाल्डो खनि लागु औषध राखेको अवस्थामा पक्राउ गरेको छ ।

ईलाका प्रहरी कार्यालय महुलीबाट खटिएको गस्ति टोलिले स्थानिय २२ वर्षका सुनिल राईलाई लागु औषधसहित पक्राउ गरेको हो ।

लागु औषध ओसारपसार तथा बिक्री बितरण गर्दै गरेको बिशेष सुचनाको अधारमा सुनिल राईले आफ्नो घर अगाडि रहेको करेसा बारीमा खाल्टो खनी लुकाई छिपाई राखेको अवस्थामा पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

प्रहरीले लागु औषध लिजेसिक ८० एम्पुल, डाईजेपाम ७८ एम्पुल र फेनारगन ७५ एम्पुल गरी २ सय ३३ थान एम्पुल बरामद गरेको जनाएको छ । पक्राउ परेका राईमाथी आवश्यक कार्यवाहिका लागि ईलाका प्रहरी कार्यालय कंचनपुर सप्तरीमा राखिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।



## सम्पादकीय

### आगलागिका घटना हुनबाट सचेत रहौं र गरौं

सप्तरी अहिले दिनहुँ जसो आगलागिका घटनाहरु भइरहेका छन् । फागनदेखी बैशाखसम्म हावाहुरी चल्ने मौसम रहेकोले यस अवस्थामा यस्ता घटनाहरुबाट जोगिन सबै सतर्क रहनु आवश्यक छ । पछिल्लो पटक आगलागिका घटनाहरु विद्युत सर्ट भई लाग्ने गरेको प्रहरी तथ्याङ्कले देखाएको छ भने यस्ता घटना प्राय फुसको संरचना भएका घरहरुमा बढी लाग्ने गरेको देखिएको छ । यस बाहेक अन्य कारणले पनि आगलागिका घटनाहरु भएको पाइएको छ ।

यस जिल्लामा बढी फुस, टिनका संरचना भएका घरहरु रहेका छन् । यस्ता संरचना भएका घरहरुमा आगो चाडै सल्किने कारणले पनि क्षति बढि हुनेगर्छ । प्रत्येक वर्ष जिल्लामा आगलागिका घटनाहरु हुने गरेको तथा करोडौं मुल्य बराबरको क्षति तथा मानिसको ज्यान समेत जाने गरेको छ । यसका लागि हामीले सचेत हुनु निकै आवश्यक छ ।

गाउँघरमा दाउरा, गोइठा तथा काठको प्रयोग गरि चुलोमा खाना पकाउने गरिन्छ । यसका लागि खाना पकाउँदा सावधानी अपनाउन चुल्हो नजिक एक जना अनिवार्य बस्ने आवश्यक छ । दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा सबेरै खाना पकाएर चुल्हो राम्ररी निभाउनेतर्फ सचेत हुनुपर्छ । यस्तै घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्नुपर्छ । यसबाट पनि आगलागि हुने सम्भावना हुन्छ । गाईगोठमा घुर बाल्दा सावधानी अपनाउनु पर्छ ।

तसर्थ आगजनी घटनालाई न्यूनिकरणको लागि आफू वरिपरिका सम्पूर्ण मानिसहरु तथा प्रहरीसँग सहकार्य गरेर जनधनको क्षति हुनबाट बचाउनतर्फ अग्रसर हुनु अति आवश्यक छ ।

# वर्ष २०७९ : 'संसदीय अभ्यास उत्साहवर्द्धक होइन सन्तोषजनक'

काठमाडौँ, २७ चैत (रासस) ।

मुलुक सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरे पनि पर्याप्त अभ्यास र अनुभव नभएका कारण संसदीय उपलब्धिका हिसाबले यो वर्ष पनि उत्साहपूर्ण नभई सन्तोषजनकमै सीमित रहन पुगेको छ ।

तत्कालीन सत्तापक्ष र प्रतिपक्षबीच चुनावबारेमा आ-आफ्नै अडान र अविश्वासको वातावरणबीच सहजरुपमा निर्वाचन सम्पन्न भई मुलुक नयाँ कोर्षमा अघि बढ्नुलाई भने महत्वपूर्ण उपलब्धिका रुपमा लिन सकिन्छ । स्थानीय तहदेखि राष्ट्रपतिसम्मका सबै चुनाव यसै वर्ष सम्पन्न भएकाले निर्वाचनका हिसाबले यो वर्ष निकै महत्वपूर्ण रह्यो ।

यस अवधिमा सदनले आफ्नो कार्यकाल टुङ्गो लगाउन नसकेपछि सर्वोच्च अदालतले त्यससम्बन्धी विषयलाई व्याख्या गरी स्पष्ट पार्नु पर्ने परिस्थिति भयो । संसदीय अभ्यासमा महत्वपूर्ण मानिने संसद्बाट पारित भई सभामुखले प्रमाणित गरेर पठाएका विधेयक राष्ट्रपतिबाट प्रमाणीकरण हुन सकेनन् । जुन घटनाले वर्षभर नै महत्वका साथ चर्चा परिचर्चा पाई नै रह्यो ।

मुलुकमा राजनीतिक व्यवस्था परिवर्तनसँगै एक वर्षभित्र टुङ्ग्याउने भनी हस्ताक्षर गरिएका सङ्क्रमणकालीन न्याय र सत्यनिरुपण जस्ता विषय यो वर्ष पनि थाँती नै रह्यो । जुन मुद्दा निर्वाचनमा मात्र नभई सरकार गठन र फेरबदल गर्ने हतियारकैरुपमा अझै पनि प्रमुखरुपमा उठाइँदै आएको छ ।

मुलुकका प्रमुख राजनीतिक दलका शीर्ष नेताबीचमा हार्दिकता र कमजोर विश्वासको प्रतिफलका रुपमा वर्ष प्रारम्भमै आरोप, प्रत्यारोप, नारा जुलुस र संसद्का बैठक अवरुद्धको चक्र चलिनै रह्यो । सरकार, संसद्बीच सुमधुर सम्बन्ध स्थापित हुनुपर्नेमा त्यो नभई तिक्तताको वातावरणले सदनले समयमा काम गर्न सकेन फलस्वरुप प्रतिनिधिसभाको कार्यकाल समाप्त भएसँगै धेरै सङ्ख्यामा विधेयक निष्क्रय बन्न पुगे ।

वर्षभर नै संसदीय महत्व र चर्चाको सूचीमा तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्र शमशेर राणाविरुद्धको महाभियोगको प्रस्ताव अग्रभागमा रहन पुग्यो । महाभियोगसम्बन्धी प्रस्तावको निर्णयका लागि बनेको संसदीय समिति दुई भागमा विभाजित भयो । संसद् सचिवालयका महासचिवसमेत सर्वोच्च अदालतमा पठाएको पत्रका कारण विवादमा अल्झनु पर्‍यो ।

राजनीतिक दलसम्बन्धी ऐन, २०७३ ले धेरै दलको अपेक्षा नराखेको भए पनि मुलुकमा देखिएको अस्थिरता र दलबीच तिक्तताका कारण मतदाताले ठूलालाई सचेत तुल्याउँदै केही नयाँ दललाई सदनमा प्रवेश गराएका छन् । निर्वाचनको परिणामस्वरुप मुलुकका स्थापित भनिएका दलले आफ्नो वर्चश्व र सदनमा केही सिट गुमाएको अवस्था छ । चुनावी परिणामले नयाँ प्रवेशीलाई आफ्ना मुद्दा स्थापित गर्ने अवसर प्रदान गरेको छ ।

प्रतिनिधिसभाको गत निर्वाचनमार्फत १३ राजनीतिक दलले संघीय संसद्मा प्रवेश पाएका छन् । चुनावी यो परिणामले गठबन्धनको संस्कृतिलाई निरन्तरता प्रदान गरे पनि स्थिरताभन्दा अस्थिरता निम्त्याउने हो कि भन्ने संशय खडा गरेको छ ।

सरकार गठनका लागि खडा हुने गठबन्धन वैचारिक आधारमा नभई तत्कालीन राजनीति निकासका लागि भने महत्वपूर्ण घटना सावित हुँदै आएको छ ।

नेकपा(एमाले)का सचिव गोकर्ण विष्टले नयाँ संसद् भएकाले उत्साहपूर्वक सहभागिता हुनुपर्नेमा त्यसो नदेखिएको प्रतिक्रिया दिनुभयो । उहाँले भन्नुभयो, "सदनलाई प्रभावकारी तुल्याउन सरकारमा भरपर्छ, सरकारले विजनेस दिनुपर्छ, त्यो भएन, उठाइएका मुद्दा सुनुवाइ र सम्बोधनमा कमी देखियो, नियमावली र समिति बनाउन ढिला गरियो, त्यसैले संसद् प्रभावकारी हुन सकेन ।"

नागरिक उन्मुक्ति पार्टीका प्रमुख सचेतक गङ्गाराम चौधरीले राष्ट्रपति, प्रधानमन्त्री, सभामुख र उपसभामुखको निर्वाचनमा धेरै समय खर्चनु परेकाले अपेक्षाकृतरुपमा सदन प्रभावकारी हुन नसकेको प्रतिक्रिया दिनुभयो । उहाँले भन्नुभयो, "सदनमा उठाइएका विषयवस्तुलाई सरकारका मन्त्रीहरुले समयमै सम्बोधन गर्न आवश्यक छ, त्यो गर्नुपर्छ, समग्रमा सदन ठीकै ढङ्गबाट अगाडि बढ्दैछ ।"

सभामुखको निर्वाचन विगतमा प्रमुख दलबीच सहमतिमा गर्ने परम्परालाई तोडेर यसपटक लोकतान्त्रिक अभ्यासबाट प्रतिस्पर्धाका आधारमा चयन भयो । मुलुकमा राजनीतिक अस्थिरतको झल्को सरकार र संसद्बीच मात्र नभई संसद्का नेतृत्वबीचमै पनि यो वर्ष एकखाले तिक्तता देखियो ।

संसद्को निर्वाचन सकिएको लामो समय भए पनि संसदीय अभ्यासमा निकै महत्वपूर्ण मानिने 'मिनि पार्लियामेन्टका'रुपमा रहेका विषयगत समिति गठनमा अझै ढिलाइ भएको छ ।

नेकपा (माओवादी केन्द्र)का सांसद माधव सापकोटाले नियमितरुपमा हेर्ने हो भने उत्साहित हुने अवस्था नरहेको बताउनुभयो । "यसले आफैँले विजनेस सिर्जना गर्न सकेन, सरकारको प्रयत्न सङ्क्रमणकालीन न्यायका विषय टुङ्ग्याउनेमा केन्द्रित रह्यो, सरकार गठन र राजनीतिक गठबन्धनको असर संसद्मा पनि स्वाभाविकरुपले पर्‍यो । जुन तीव्रता र गतिमा काम गर्नुपर्थ्यो त्यति गर्न सकेन", उहाँले भन्नुभयो ।

विषयगत समिति निर्माण नभएका कारण कानुन निर्माण र छलफलका विषय ओझेलमा परेको छन् । प्रतिनिधिसभाको कार्यकाल समाप्त भएसँगै अघिल्लो सदनमा प्रवेश पाई विभिन्न चरणमा रहेका २७ वटा विधेयक निष्क्रिय भए । सत्तासमीकरणमा आएको फेरबदलसँगै तीन महिनामै प्रधानमन्त्रीले दुई पटक विश्वासको मत लिनुपर्ने बाध्यात्मक परिस्थितिसमेत पर्न गयो ।

मुलुकका प्रमुख राजनीतिक दलबीच नै यस अवधिमा ठूलो अविश्वास र विश्वासको वातावरण कमजोर रह्यो । चुनावी परिणामपछि प्रभावकारी हुने अपेक्षा गरिएको सङ्घीय संसद्का प्रारम्भिक बैठकमै 'कोरम'को समस्या देखियो । बैठकले सुरुआती दिनदेखि नै आवश्यक उपस्थित सङ्ख्या अभाव सङ्कट झेल्नु पर्‍यो ।

केही वर्षदेखि प्राथमिकताका साथ आवाज उठिरहेको निजामती विधेयक पारित हुन सकेन । प्रदेश प्रहरी समायोजन विधेयक पारित हुन नसक्नुलाई सङ्घीय संसद् र सरकारको कमजोरीका रुपमा हेरिएको छ । मुलुकको संसदीय इतिहासमा यसअघि तीन वटा गैरसरकारी विधेयक पास भएकामा २०५४ सालयता गैरसरकारी विधेयकका रुपमा यस वर्ष पहिलो पटक राष्ट्रिय मर्यादा क्रमसम्बन्धी विधेयकले प्रवेश पाएको छ ।

सङ्घीय संसद् सञ्चालनसम्बन्धी नियमावलीमा आमूल परिवर्तन गरी तर्जुमा गरिएको छ । त्यसमा सदनलाई 'क्यालेण्डर'का आधारमा चलाउनुपर्छ भन्ने प्रणाली स्थापित गर्नुपर्नेमा त्यो हुन सकेन । संसद्को बैठक प्रारम्भ भएको घोषणा गर्नासाथ सांसद विशेषले तत्काल सदनलाई जानकारी गराउन आवश्यक देखिएका विषयमा ढ्यापढ्यापे समयको अभ्यासलाई 'आकम्मिक' समयको नाम दिइ नयाँ कार्यसूची बनाइएको छ ।

प्रतिनिधिसभाको बाह्रौँ अधिवेशन गत जेठ ३ गते सुरु भई एक सय २४ दिन चालु रहेकामा ४४ दिनमा ५८ बैठक बसी ५६ घन्टा ५२ मिनेट समय खास कार्यका लागि खर्चेर असोज १ गते समाप्त भयो । तेह्रौँ अधिवेशन भने गत पुस २५ गते सुरु भई हालसम्म चालु छ ।

देश र जनहितविपरीत सत्ता र प्रतिपक्षको निरन्तर फेरबदल भएका अवस्थामा पनि तत्कालै सहमति र सहकार्य गर्नसक्ने राजनीतिक दलको चरित्रले संसदीय अभ्यासलाई रोचक मात्र नभई जिम्मेवार पनि बनाउँदै लगेको पुष्टि गरेको छ ।


**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सन्तोष प्रसाद शाह**

**Dr. Santosh Prasad Sah**

MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)

NMC Reg. No. : 15019

**कन्सलटेन्ट फिजिसियन**

**डा. यमेश यादव**

**Dr. Yamesh Yadav**

MBBS (T.U), MS (Nobel Medical College, K.U.)

General and Laproscopic Surgeon

NMC Reg. No. : 16392

**जेनरल सर्जन**

**डा. सरोज कुमार साह**

**Dr. Saroj Kumar Sah**

MBBS, MS Orthopaedics (BPKIHS) Dharan

Fellowship in Hand Surgery (CMC Vellore)

NMC Reg. No. : 13288

**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**

**Dr. Jayanti Yadav**

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज

NMC Reg No. : 15312

**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क :

**कृताञ्जली मेडिकल हँल**

**राजविराज**

Mo. No : 9842830252, 9804605569

# लिङ्ग पहिचानको असर जनगणनामा

काठमाडौँ, २७ चैत (रासस)।

सरकारले सुरक्षित गर्भपतनलाई कानुनी मान्यता दिएको छ। तर यही कानुनी मान्यताबाट फाइदा उठाउँदै भ्रूण पहिचान गरी छोरी भएमा भ्रूण हत्या गर्ने गरिएको पाइएको छ। गर्भमा नै लिङ्ग पहिचान गर्ने र छोरी भए गर्भपतन गराउने तथा छोरालाई जन्मिन दिने गर्नाले यसको असर राष्ट्रिय जनगणनामा पनि देखिएको हो।

लिङ्ग पहिचान गरेर छोरीको हत्या गरेपछि नेपालमा छोरी छोराको तुलनामा कम जन्मिने गरेको विभिन्न तथ्याङ्कले देखाएको छ। हालै सार्वजनिक गरिएको राष्ट्रिय जनगणनामा लिङ्ग पहिचान गरेर गरिने गर्भपतनको प्रभाव परेको देखिन्छ। जनगणनामा नेपालमा छोरीभन्दा छोरा बढी जन्मिएको पाइएको छ। समाजमा छोराप्रतिको बढ्दो चाहना र महिलालाई गरिने विभेदपूर्ण व्यवहारका कारणले छोरो जन्माउने गर्दछन्।

जनगणनाअनुसार चार लाख १२ हजार नौ सय ३५ जना जन्मिएका बच्चा जन्मिएकामध्ये दुई लाख १८ हजार ७४ जना छोरा (५२.८ प्रतिशत) र एक लाख ९४ हजार आठ सय ६१ छोरी (४७.३ प्रतिशत) जन्मिएका छन्। यसरी छोराहरु जन्मिने क्रम बढेको र छोरी घटिरहेका छन्।

नेपालमा सामान्यता एक सय पाँच/एक सय छ जना छोरा जन्मँदा सय जना छोरी जन्मिने गर्दछन्। तर त्योभन्दा पनि अस्वाभाविकरुपमा छोराहरुको सङ्ख्या वृद्धि भइरहेको विभिन्न अध्ययनले देखाएको छ। छोरीभन्दा छोरालाई उच्च प्राथमिकता दिने पितृसत्तात्मक मान्यता भएको र सोहीअनुरुप छोरीभन्दा छोरा जन्माउने चाहना राख्ने भएको पाइन्छ।

नेपालमा १२ जिल्लामा गरिएको अध्ययनमा सय जना छोरी जन्मिँदा एक सय १० भन्दा बढी छोरा जन्मिएको देखाइएको छ। तीमध्ये अर्घाखाँची जिल्लामा त एक सय २७ छोरा बराबर सय छोरी जन्मिएको अध्ययनमा देखाइएको छ।

विश्वस्वास्थ्य सङ्गठनको सर्वेक्षणअनुसारमा सामान्यता सय जना छोरी जन्मिँदा एक सय पाँचजना छोरा जन्म हुनसक्ने बताएको छ। नेपालमा छोराको सङ्ख्या बढ्नुमा छोराको चाहनामा लिङ्ग पहिचान गरेर छोरीको गर्भपतन गराउनु, प्रजनन दरमा कमी आउनु र प्रविधिको प्रयोगसँगै लिङ्ग पहिचान गरेर गर्भपतन गराउनु रहेको छ। अहिले लिङ्ग पहिचान गर्न सर्वसाधारणकोसमेत पहुँच रहेको छ।

सुरक्षित मातृत्व तथा प्रजनन अधिकार ऐन २०७५ र मुलुकी (अपराध संहिता) २०७४ ले लिङ्ग पहिचान गरी गर्भपतनलाई निषेध गरिएको छ। ऐनको दफा १७ मा लिङ्ग पहिचान गरी गर्भपतन गर्न नहुने उल्लेख गरिएको छ। कसैले पनि गर्भमा रहेको भ्रूणको लिङ्ग पहिचान हुने कुनै कार्य गर्न वा गराउन हुँदैन, गर्भवती महिलालाई गर्भको लिङ्ग पहिचान गर्न डर, वा त्रास देखाइ वा करकाप गरी वा धम्की दिइ वा ललाइफकाइ वा प्रलोभनमा पारी वा अनुचित प्रभाव, झुक्याइ वा जोरजुलुम गरी दबाब दिन वा बाध्य पार्न हुँदैन भनी उल्लेख गरिएको छ।

लिङ्ग पहिचान गरी गर्भपतन गराउनलाई मुलुकी (अपराध संहिता) २०७४ को १८८ अनुसार कारबाही गर्ने उल्लेख छ। दफाको उपदफा १ मा कसैले गर्भपतन गर्न वा गर्भपतन गराउने नियतले वा गर्भपतन हुनसक्छ भन्ने जानीजानी वा विश्वासमा गर्नुपर्ने कुनै काम गरि गर्भपतन गराउनु हुँदैन, उपदफा २ मा कसैले गर्भवती महिलालाई करकाप गरी वा धम्की दिई वा ललाइफकाइ वा प्रलोभनमा पारी गर्भपतन गराउन नहुने उल्लेख गरिएको छ।

यस्तै दुवै उपदफाअनुसार कसुर गरिएमा १२ हप्तासम्मको गर्भ भए एक वर्ष कैद र रु १० हजार जरिवाना, १२ हप्ताभन्दा बढी २५ हप्ताको गर्भ भए तीन वर्षसम्म कैद र रु ३० हजार जरिवाना र २५ हप्ताभन्दा बढीको गर्भ भए पाँच वर्षसम्मको कैद र रु ५० हजार जरिवाना तोकिएको छ।

अध्ययनले सय जना छोरी बराबर भक्तपुरमा एक सय २३ जना छोरा, कास्की एक सय १७ जना छोरा ललितपुर र पाल्पा एक सय १४/एक सय १४ जना छोरा, काठमाडौँ, कञ्चनपुर र रुपन्देहीमा एक सय १३/एक सय १३ जना छोरा, गुल्मी, सप्तरीमा एक सय ११/एक सय ११ जना छोरा तथा झापा र पर्वतमा एक सय १०/एक सय १० जना छोरा जन्मिएको अध्ययनले देखाएको छ।

परोपकार स्त्रीरोग तथा प्रसूति अस्पतालका निर्देशक डा पवनजङ्ग रायमाझीले लिङ्ग पहिचान गरेर गर्भपतन गराउनेलाई कानुनी दायरामा ल्याउनुपर्ने बताउनुहुन्छ। "कानुनले मान्यता दिएको अवस्थामा बाहेक गर्भपतन गराउनेलाई कारबाही गर्नुपर्दछ", उहाँले भन्नुभयो, "सङ्घ, प्रदेश र स्थानीय तहले पनि गर्भपतन गराउनेमाथि नियमन र अनुगमन गर्न आवश्यक रहेको छ।"

उहाँले छोराछोरी दुवै समान हुन भन्ने सचेतना फैलाउन आवश्यक रहेको भन्दै लिङ्ग पहिचान गरेर गर्भपतन गराउन समूहलाई निरुत्साहित गर्नुपर्ने बताउनुभयो। उहाँले निजी रुपमा खोलिएका स्वास्थ्य संस्थामा कानुनविपरीत गर्भपतन गराउने सुनिन आएको बताउनुभयो। त्यस्ता कानुनविपरीत गर्भपतन गराउनलाई निगरानी गर्न आवश्यक रहेको उहाँको भनाइ छ। डा रायमाझीका अनुसार अस्पतालमा आर्थिक वर्ष २०७८/७९ मा एक हजार दुई सय जनाले सुरक्षित गर्भपतन गराएका छन्।

गर्भमा रहेको बच्चाको १२ देखि १४ हप्ताको बीचमा लिङ्ग पहिचान गर्न सकिन्छ। सोही आधारमा नै मानिसले गर्भपतन गराउने गर्दछन्। गर्भपतनले महिलाले पटकपटक गर्भधारण गर्नुपर्ने बाध्यताले महिला र बच्चाको शारीरिक तथा मानसिक स्वास्थ्यमा नकारात्मक असर पर्नुका साथै महिलाको स्वेच्छाले बच्चा जन्माउन पाउने अधिकारको हनन् भई लैङ्गिक हिंसासमेत भोग्नुपरेको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण शाखाका वरिष्ठ कम्युनिटी नर्सिङ अधिकृत सुनालक्ष्मी कर्माचार्यले समाजमा छोरीभन्दा छोरालाई समाजमा बढी महत्व दिनाले छोराको चाहना बढी भएको बताउनुहुन्छ। "हाम्रो समाजमा अझै पनि छोरा नै चाहिने गर्दछ", उहाँले भन्नुभयो, "गर्भमा नै छोरा वा छोरी छुट्याएर छोरी भए गर्भपतन गराउने गर्दछन्। यसले गर्दा छोरीको सङ्ख्यामा कमी आएको हो।" गर्भमा नै छोरी भएपछि गर्भपतन गराउने भएकाले छोराको सङ्ख्या छोरीकोभन्दा बढी भइरहेको छ।

पहिलो बच्चा जन्मँदा लिङ्ग पहिचान नगरे पनि दोस्रो बच्चा जन्माउँदा लिङ्ग पहिचान गर्ने गरेको छन्। पहिलो बच्चा जन्मँदा फरक हुँदैन। पहिलो बच्चा छोरा छ भने फरक नपर्न सक्छ। तर, दोस्रो बच्चामा लिङ्ग पहिचान गर्ने गरेको पाइएको छ। यदि पहिलो बच्चा छोरी छ भने उनीहरुलाई छोराको चाहना हुन्छ। त्यसैले उनीहरुले लिङ्ग पहिचान गर्ने नै देखिएको छ।

सरकारले सुरक्षित गर्भपतनलाई कानुनी मान्यता दिनका लागि सुरक्षित मातृत्व तथा प्रजनन अधिकार ऐन ल्याएको छ। उक्त ऐनमा दफा १५ मा सुरक्षित गर्भपतन गर्न पाउने व्यवस्थाअनुसार विभिन्न पाँच वटा अवस्थामा गर्भपतन गराउन पाइने उल्लेख छ।

गर्भवती महिलाको मन्जुरीले १२ हप्तासम्मको गर्भ, गर्भपतन नगराएमा गर्भवती महिलाको ज्यानमा खतरा पुग्न सक्छ वा निजको शारीरिक वा मानसिक स्वास्थ्य खराब हुनसक्छ वा विकलाङ्क बच्चा जन्मन्छ भने चिकित्सकको राय भई त्यस्ता महिलाको मन्जुरीमा २८ हप्तासम्मको गर्भ, जबर्जस्ती करणी वा हाडनाता करणीबाट रहन गएको गर्भ २८ हप्तासम्मको गर्भ, रोग प्रतिरोधक क्षमता उन्मुक्ति गर्ने जिवाणु (एचआइभी) वा त्यस्तै प्रकृतिको अन्य निको नहुने रोग लागेको महिलाको २८ हप्तासम्मका गर्भपतन गराउने सकिने व्यवस्था रहेको छ।

यस्तै भ्रूणमा कमी कमजोरी भएको कारणले गर्भमै नष्ट हुनसक्ने वा जन्मेर पनि बाँच्न नसक्ने गरी गर्भको भ्रूणमा खराबी रहेको, वंशाणुगत खराबी वा अन्य कुनै कारणले भ्रूणमा अशक्तता हुने अवस्था रहेको भन्ने उपचारमा संलग्न स्वास्थ्यकर्मीको रायले पनि २८ हप्तासम्मको गर्भलाई गर्भपतन गरिने सकिने उल्लेख गरिएको छ। तर मानिसहरु धेरैजसो गर्भवती महिलाको मन्जुरीले १२ हप्तासम्मको गर्भलाई गर्भपतन गराउने सक्ने व्यवस्थालाई टेकेर धेरै गर्भपतन गराउने गरेको पाइएको छ।

छोरा जन्माउनकै लागि महिलाले पटकपटक गर्भधारण गर्नुपर्ने बाध्यताले महिला र बच्चाको शारीरिक तथा मानसिक स्वास्थ्यमा नकारात्मक असर पर्नुका साथै लैङ्गिक हिंसासमेत वृद्धि हुने देखिन्छ। लिङ्ग पहिचान गरी गरिने गर्भपतनका कारणले भविष्यमा महिलाको सङ्ख्यामा कमी हुन गई जन्मदर र मृत्युदरमा असन्तुलन हुनसक्ने देखिने अध्ययनले देखाएको छ।

**सन् २०३० मा लिङ्ग छनोट अन्त्य गर्ने**

सरकारले विभेदपूर्ण लिङ्ग छनोटको अन्त्यका लागि १० वर्षे राष्ट्रिय रणनीति कार्यान्वयनमा ल्याएको छ। सन् २०३० सम्ममा विभेदपूर्ण लिङ्ग छनोट गर्ने प्रवृत्तिको अन्त्य गरिने रणनीतिको लक्ष्य रहेको छ। कानुनबमोजिमबाहेक लिङ्ग पहिचान गरी गरिने गर्भपतनको विरुद्धमा आवश्यक नीति, योजना र कार्यक्रम निर्माण गरी प्रभावकारी कार्यान्वयनमा जोड दिइएको छ।

समाजमा छोरीको महत्वलाई प्रोत्साहन गर्दै लैङ्गिक सुनिश्चित गर्ने, लिङ्ग पहिचान गरी गरिने गर्भपतनका विरुद्धका सोच र व्यवहार परिवर्तनसम्बन्धी कार्यक्रमलाई प्रभावकारी बनाउनु र छोरा तथा छोरीको समान महत्व स्थापित गर्न किशोर एवं महिला केन्द्रित सामाजिक तथा आर्थिक सशक्तीकरणका कार्यक्रम प्रभावकारीरुपमा कार्यान्वयन गरिने उल्लेख गरिएको छ।

मन्त्रालयकी उपसचिव रोशनी कार्कीले रणनीतिलाई कार्यान्वयन गरिसकेकाले विभेदपूर्ण लिङ्ग छनोट चाँडै नै अन्त्य गर्ने बताउनुभयो। प्रदेश र स्थानीय तहमा कार्यान्वयनका लागि निर्देशन दिइसकेको बताउनुभयो। नेपालजस्तै लिङ्ग पहिचान गरेर छोरी देखिए गर्भपतन गर्ने भियतानाम र जर्जियामा पनि धेरै थियो", उहाँले भन्नुभयो, "त्यहाँ छोरीलाई अवसर प्रदान गर्न थालेपछि अहिले छोराका लागि भनेर गर्भपतन गराउँदैनन्।" उहाँले सामाजिकरुपमा छोरासरह छोरीलाई बराबर बनाउन समाजमा प्रचार गर्नु आवश्यक रहेको बताउनुहुन्छ।

रणनीतिमा लिङ्ग पहिचान कुनकुन अस्पताल र क्लिनिक भएका छन् त्यसको अनुगमन गरिने उल्लेख भएकाले पनि लिङ्ग पहिचानको अन्त्य गर्न सकिने उहाँको भनाइ छ। उहाँले सुरक्षित गर्भपतन गराउने नाममा छोरा वा छोरी के चाहियो भनेर चिकित्सकले पनि सोध्न नहुने बताउनुहुन्छ।

उहाँले मान्यता प्राप्त गर्भपतन केन्द्रका लिङ्गको पहिचान नगरिने कुरा उल्लेख गर्नुपर्ने बताउनुहुन्छ। "कानुनले मान्यता दिएको अवस्थामा मात्र गर्भपतन गराउने हो", उहाँले भन्नुभयो, "लिङ्ग पहिचान गरेर रेडियोलोजिष्ट पनि लिङ्गको छनोट हुँदैन। यहाँ सुरक्षित गर्भपतन गराइन्छ र लिङ्गको पहिचान गराइन्न भन्ने कुरा गर्भपतन केन्द्रमा लेख्नुपर्ने हुन्छ।"

रणनीतिमा छोरी जन्मेपछि परिवारलाई भार हुन्छ भन्ने मान्यतामा कमी ल्याउन शिक्षा, बालविवाहको न्यूनीकरण गर्ने, छोरीका लागि शिक्षा र स्वास्थ्यको पहुँचमा सुनिश्चित गर्न विशेष छात्रवृत्तिका साथै स्वास्थ्य बीमा कार्यक्रम लागू गर्ने, स्थानीय तहले लिङ्ग पहिचान गरी गर्भपतन भए नभएको यकीन गर्न स्वास्थ्यकर्मीको नियमन गर्ने, विभेदपूर्ण लिङ्ग छनोट एव जबर्जस्ती गर्भपतन गराउन बाध्य पार्नेलाई कानुनी दायरामा ल्याउने जस्ता कार्यक्रम समेटिने उल्लेख गरिएको छ।

## विश्व समाचार

### फिलिपिन्समा एक हप्तामा ७२ जनाको पानीमा डुबेर मृत्यु

मनिला, २७ चैत (रासस/एएफपी)।

फिलिपिन्समा यस महिनाको सुरुदेखि अहिलेसम्म डुबेर कम्तीमा ७२ जनाको मृत्यु भएको प्रहरीले सोमबार जनाएको छ। क्याथोलिक बहुल राष्ट्मा राजधानी मनिलालगायतका शहरबाट लाखौं मानिसले परम्परागत रूपमा यो बिदा मनाउन र परिवारसँग समय बिताउन समुद्रको किनार क्षेत्र र त्यहाँ रहेका होटलमा प्रकृतिको मनोरम वातावरणको आनन्द लिन पुग्ने गर्छन्।

फिलिपिन्सको राष्ट्रिय प्रहरी (पीएनपी) का प्रवक्ता कर्नेल जिन फजार्डोले कोरोना भाइरस नियन्त्रणका लागि वर्षौंदेखि जारी आवागमनमा लगाइएको प्रतिबन्धका कारण मृत्यु हुनेको सङ्ख्या 'बदलाको यात्रा' का कारण भएको बताउनुभएको छ।

फजार्डोले एएफपीसँग भन्नुभयो, "महामारीको लामो सास्तीपछि मानिसहरू समुद्र तट र रिसोर्टमा जानका लागि केही उत्साहित भए। धेरै मानिसको भीडमा केही दुःखद् घटनाहरू भएका हुन्।" मृतकको पहिचान तत्काल उपलब्ध नभए पनि फजार्डोका अनुसार मृत्यु हुनेमा पौडी खेल्ने क्रममा अभिभावकले बेवारिसे अवस्थामा छोडेका बालबालिका र मादक पदार्थ सेवन गरी समुन्द्री किनारमा पसेकाहरु रहेका छन्।

फजार्डोले मृतकको सङ्ख्या 'असामान्य' र विगतका वर्षहरूको तुलनामा बढी भएको बताउनुभएको छ।

"रिसोर्ट र समुद्र तटहरू खचाखच भरिएका थिए। यसले पनि डुबेर मृत्यु हुने घटनामा वृद्धि भएको हुनसक्छ," उहाँले भन्नुभयो। विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) का अनुसार विश्वमा अन्जानमा हुने चोटपटकका कारण हुने मृत्युको तेस्रो प्रमुख कारण पानीमा डुबेर मृत्यु हुने गरेको छ।

### एअर इन्डियाको विमानभित्र 'अनियन्त्रित' झडपपछि आकस्मिक अवतरण

नयाँ दिल्ली, २७ चैत (रासस/एएनआई)।

एयर इन्डियाको लण्डनका लागि उडेको एक विमानमा एक यात्रुले चालक दलका सदस्यलाई 'शारीरिकरूपमा क्षति' पुऱ्याएपछि विमानलाई दिल्ली विमानस्थलमा अवतरण गराइएको छ।

एयर इन्डियाका एक अधिकारीले एएनआईसँग भन्नुभयो,"कूल २५६ यात्रु लिएर दिल्लीबाट लण्डनका लागि उडेको एआई-१ विमानमा यात्रुको अमर्यादित व्यवहारका कारण दिल्ली विमानस्थलमा आकस्मिक तर सकुशल अवतरण गरिएको छ। सोमबार बिहान ६:३० बजे हिथ्रो विमानस्थल (लण्डन) का लागि उडेको विमान चालक दलका सदस्यले विमान चालकलाई विमानको बीचमा भएको झगडाबारे जानकारी गराएपछि विहान १० बजे तिर दिल्ली विमानस्थलमा फर्किएको थियो।

यस सम्बन्धमा एयर इन्डियाले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "अप्रिल १०, २०२३ मा दिल्ली-लण्डन हिथ्रो उडान गर्ने तय भएको एयर इन्डियाको विमान एआइ-१ विमानमा सवार एक यात्रुको गम्भीर अभद्र व्यवहारका कारण प्रस्थान गरेको केही समयपछि नै दिल्ली फर्किएको छ। मौखिक र लिखित चेतावनीलाई वास्ता नगरी यात्रीले अनियन्त्रित व्यवहार जारी राखे र चालक दलका दुई सदस्यलाई शारीरिक क्षति पुऱ्याएपछि कमान्डमा रहेका विमान चालकले आफू दिल्ली फर्कने निर्णय गरेको र अवतरणपछि यात्रुलाई सुरक्षाकर्मीको जिम्मा लगाइएको बताइएको छ।

एयर इन्डियाद्वारा जारी विज्ञप्तिमा भनिएको छ, "प्रहरीमा एफआइआर पनि दर्ता गरिएको छ। एयर इन्डियामा हाम्रो लागि जहाजमा सवार सबैको सुरक्षा र सम्मान महत्वपूर्ण छ। हामी प्रभावित चालक दलका सदस्यहरूलाई सबै सम्भव सहयोग प्रदान गर्दछौं।"

अन्य यात्रुहरुलाई परेको असुविधाप्रति कम्पनीले दुःख प्रकट गर्दै सोमबार दिउँसो लण्डनका लागि उडान तालिका परिवर्तन गरेको जनाएको छ। विमान इन्दिरा गान्धी अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गरेपछि एयर इन्डियाले यात्रुको 'अभद्र व्यवहार' बारे प्रहरीमा उजुरी दिएको थियो। प्रहरीले भारतीय दण्ड संहिताको धारा ३५४, ५०९ र ५१० तथा भारतीय विमान ऐनको धारा २३ अन्तर्गत एफआईआर दर्ता गरेको छ। आरोपी र पिडित दुवै दिल्ली बाहिरका हुन्।

### दक्षिण कोरियाको बेरोजगारी दरमा वृद्धि

सियोल, २७ चैत (रासस/सिन्ह्वा)।

विश्वव्यापी आर्थिक मन्दीको बढ्दो चिन्ताबीच मार्चमा दक्षिण कोरियाको बेरोजगारी दरमा छ प्रतिशतले वृद्धि भएको श्रम मन्त्रालयको तथ्याङ्कले देखाएको छ।

दक्षिण कोरियाको रोजगार तथा श्रम मन्त्रालयका अनुसार मार्चमा रोजगारीका लागि नयाँ आवेदन दिनेको सङ्ख्या एक लाख ४४ हजार थियो, जुन गत वर्षको सोही महिनाको तुलनामा ८.५ प्रतिशतले बढी हो भने यो वर्षको फेब्रुअरीमा रहेको १४ प्रतिशतको वृद्धिबाट तल झरेको हो।

यस वर्ष घरेलु आर्थिक मन्दीको बारेमा बढ्दो चिन्ताको कारण यो सङ्ख्या मा सुधार भएको छ, जुन निरन्तर निर्यात गिरावट र कमजोर आवास बजारको कारण प्रेरित छ। रोजगारीको लाभका लागि आवेदकहरूको सङ्ख्या मुख्यतया विनिर्माण, निर्माण र शिक्षा सेवा क्षेत्रमा वृद्धि भएको छ।

मार्चमा रोजगारी प्राप्त गर्नेहरूको सङ्ख्या कुल छ लाख ७५ हजार रहेको थियो। यो अघिल्लो वर्षको तुलनामा एक प्रतिशतले बढी हो। रोजगारीको खोजीमा रहेका लाभहरूको कुल भुक्तानी गत महिना तीन प्रतिशतले बढेर १.०३ ट्रिलियन वोन (७८०.३ मिलियन अमेरिकी डलर) पुगेको छ। यहाँको प्रतिव्यक्ति भुक्तानी १.९ प्रतिशतले बढेर १५ लाख ३० हजार वोन (१,१६० डलर) पुगेको छ।

# मेयर कप क्रिकेटमा सप्तरीले हरायो काठमाडौंलाई




**दैनिक समाचारदाता राजविराज, २७ चैत।**

जनकपुरमा संचालित मेयर कप टी-२० प्रतियोगिता अन्तर्गत खेलमा सप्तरीले काठमाडौंलाई ५ रनले पराजित गर्दै बिजयी सुरुवात गरेको छ।

टस जितेर ब्याटिङ्ग गरेको सप्तरीले २० ओभरमा ७ विकेट गुमाउँदै १ सय १ रनको योगफल खडा गरेको थियो। रोहन विकले सर्वाधिक ४० रन बनाए भने अभिशेक कार्कीले १२ र विकास दासले १० रन बनाउँदा अन्य खेलाडीले दोहरो अंकमा प्रवेश गर्न सकेनन्।

बलिङ्गमा काठमाडौंका इशान पाण्डे र गजेन्द्र बोहराले ४/४ विकेट लिए भने गौतम केसीले १ विकेट लिए। १ सय २ रनको लक्ष्य पछ्याउँदै काठमाडौंले निर्धारित ओभरमा ९ विकेट गुमाउँदै ९६ रन मात्र बनाउन सक्यो।

खेलको म्यान अफ दि म्याच सप्तरीका रोहन बिक घोषित भएको सप्तरी क्रिकेट संघका सदस्य शम्भु दासले जानकारी दिएका छन्।

# ब्याजदर घटाउन व्यवसायीको माग

काठमाडौं, २७ चैत (रासस)।

नेपाल व्यवसायी राष्ट्रिय महासङ्घले बैंक तथा वित्तीय संस्थाले लिदै आएको चर्को ब्याजदर घटाउन अर्थमन्त्रीसमक्ष माग गरेका छन्।

महासङ्घको टोलीले सोमबार अर्थमन्त्री डा प्रकाशशरण महतलाई भेटेर कोरोनाले थलिएका उद्योगी व्यवसायी बैंक तथा वित्तीय संस्थाले चर्को ब्याजको कारणले व्यवसायबाट पलायन हुनुपर्ने अवस्था सिर्जना भएको भन्दै ब्याजदर घटाउन माग गरेका हुन्।

भेटमा महासङ्घका अध्यक्ष कुमार कार्कीले सातआठ प्रतिशतमा लिएको कर्जा ब्याजदर हाल १५/१६ प्रतिशतसम्म पुगेको र व्यवसायी थप मर्कामा परेको भन्दै ब्याजदर घटाउन माग गर्नुभयो। "मुलुकमा व्यवसायको वातावरण निर्माण गर्न ब्याजदर एक अङ्कमा कायम गर्नुपर्छ भन्ने माग महासङ्घको हो", उहाँले भन्नुभयो।

महासङ्घले करका दर, भन्सार दरबन्दी घटाउनुपर्ने, विदेश पलायन हुँदै गएका युवालाई सीपमुलक तालिम प्रदान गरी स्वदेशमै रोजगारीको व्यवस्था गर्नुपर्ने, युवा जनशक्तिलाई कृषिजन्य उत्पादनसँग जोड्नुपर्ने, उद्योगी र किसानबाट उत्पादित सामान सहजै बजारसम्म लैजाने वातावरण निर्माण गर्न अर्थमन्त्रीसमक्ष आग्रह गरेको छ।

यस्तै, राजधानीलगायत देशभरका प्रमुख व्यापारिक केन्द्रको पार्किङ र फुटपाथ व्यवस्थित, भन्सार नाकामा हुने समस्याको समाधान, वैज्ञानिक घरभाडा लागू तथा महिला तथा युवा उद्यमीलाई सहुलित कर्जा कम्तीमा रु २५ लाख कर्जा उपलब्ध गराउन माग गरेको छ।

महासङ्घले देशको अर्थतन्त्रलाई अगाडि बढाउनका लागि रुग्ण रहेको स्वदेशी उद्योगलाई चाँडो सञ्चालन गर्नुपर्ने, निजी क्षेत्रको व्यवसायीको समस्या समाधान गर्न सबै क्षेत्रका उद्योगी व्यवसायी समावेश गरी एक उच्चस्तरिय समिति गठन गर्नुपर्ने, आयकर र मूल्य अभिवृद्धि कर घटाउनुपर्ने, बैंक तथा वित्तीय संस्थाले घरजग्गा लिलाम गर्दा ३५ दिने सूचना दिएर लिलाम गर्दै आएकोमा लिलाम अवधि कम्तीमा ६ महिना बनाउन माग गरेको छ।

भेटमा अर्थमन्त्री डा महतले उद्योगी व्यवसायीले राखेका माग समाधानका लागि आफूले पहल थालेको बताउनुभयो। "यसअघि पनि विभिन्न उद्योगी व्यवसायीसँग भेट भएको छ, यहाँहरुले राखेको मागप्रति सरकार गम्भीर छ", उहाँले भन्नुभयो।

अर्थमन्त्री डा महतले देशको अर्थतन्त्र जोगाउन निजी क्षेत्र र सरकार सहकार्य गरेर अगाडि बढ्नुपर्ने बताउनुभएको थियो। विसं २०७४ मा स्थापना भएको महासङ्घमा देशभरका २५ सङ्घका भण्डै एक लाख उद्योगी व्यवसायी सदस्य रहेको अध्यक्ष कार्कीले बताउनुभयो।

# कर्णाली प्रदेश सरकारबाट एमालेको समर्थन फिर्ता

कर्णाली, २७ चैत (रासस)।

नेकपा (एमाले)ले कर्णाली प्रदेश सरकारबाट बाहिरिएसँगै सरकारलाई दिएको समर्थन फिर्ता लिएको छ। प्रदेश सरकारका मुख्यमन्त्री राजकुमार शर्मासमक्ष आइतबार आर्थिक मामिला तथा योजनामन्त्री विनोदकुमार शाह, उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री जीतबहादुर मल्लउनी र सामाजिक विकासमन्त्री टेकराज पछाईले संयुक्तरूपमा राजीनामा बुझाउनुभएको थियो।

सोमबार नेकपा (एमाले) कर्णाली प्रदेशसभा दलका नेता यामलाल कँडेलले प्रदेश सरकारबाट आफ्नो दलले समर्थन फिर्ता लिएको प्रदेश प्रमुखलाई जानकारी गराउनुभएको थियो। गत पुस २७ गते एमालेले नेकपा (माओवादी केन्द्र)का प्रदेशसभा दलका नेता शर्मालाई मुख्यमन्त्री नियुक्तिका लागि समर्थन दिएको थियो। एमालेको समर्थनमा मुख्यमन्त्री शर्माले विश्वासको मत लिनुभएको थियो। सरकारबाट एमालेले समर्थन फिर्ता लिएपछि मुख्यमन्त्रीले पुनःविश्वासको मत लिनुपर्ने भएको छ।

# मोटरसाइकल दुर्घटनामा दुई महिला, एक बालकसहित चार घाइते

**दैनिक समाचारदाता राजविराज, २७ चैत।**

सप्तरीमा भएको छुट्टाछुट्टै मोटरसाइकल दुर्घटनामा दुई महिला, एक बालकसहित चार जना घाइते भएका छन्।

जिल्लाको सुरुङगा नगरपालिका ५ कुशाह जैनिस अस्पतालस्थित पुर्वपश्चिम राजमार्गमा आइतबार मोटरसाइकलले स्कुटीलाई ठक्कर दिदा स्कुटी चालक महिला र उनको ८ वर्षिय छोरा घाइते भएका छन्।

पश्चिमबाट पुर्वतर्फ आउदै गरेको प्र.३-०२-००८प.५६१६ नं. को मोटरसाइकलले सोहि दिशातर्फ जाँदै गरेको प्र.२-०१-००१ प.८९६१ न. को स्कुटिलाई ठक्कर दिँदा स्कुटि चालक २६ वर्षिया पुष्पा चौधरी र पछाडि सवार ८ वर्षिय छोरा हारसय चौधरी घाइते भएको प्रहरीले जनाएको छ।

घाइते दुबैको सप्तऋषि अस्पताल लाहानमा उपचार भइरहेको तथा मोटरसाइकल चालक सोही नगरपालिका ७ पोखरिया निवासी १८ वर्षिय सन्तोष साहलाई नियन्त्रणमा लिई घटना बारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

यस्तै आइतबारै हनुमाननगर कंकालिनी नगरपालिका १४ रामपुर मल्हनियामा स.९प.८५७ नं.को मोटरसाइकलले ३३ वर्षिया रामकुमारी मुखियालाई ठक्कर दिएको छ। सो ठक्करबाट उनको टाउको र ढाडमा चोट लागेकोले छिनमस्ता अस्पताल राजविराजमा उपचार भइरहेको छ।

प्रहरीले मोटरसाइकल नियन्त्रणमा लिई फरार रहेका चालक छिन्नमस्ता ४ लालापट्टि निवासी १५ वर्षिय शंकर यादवको खोजतलास गरिरहेको जनाएको छ।

यसैगरि आइतबारै शम्भुनाथ १२ मा को.३५प.२४९८ नं. को मोटरसाइकल आफै अनियन्त्रित भएर पल्टिदा चालक २४ वर्षिय श्याम सरदार घाइते भएका छन्। उनको छिन्नमस्ता अस्पताल राजबिराजमा उपचार भइरहेको छ।


**डा. कालीप्रसाद यादव**

MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग

**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**

**डा. रिपला आचार्य**

MBBS, MD (BPKIHS) NMC NO. 19992

**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**

डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी

यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ।

**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**

**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७**

**शौचालयको प्रयोग गरौं, संक्रमणबाट जोगिऔं**

- खुल्ला स्थानमा दिसापिसाब नगरौं।
- शौचालयमा मात्र दिसापिसाब गरौं।
- दिसापिसाब गरिसकेपछि साबुनपानीले मिचिमिची हात धोऔं।
- हत्केला पछाडि, औंलाको बीच, नङलगायत हातका सबै भागमा कम्तिमा २० सेकेण्डसम्म राम्रोसँग साबुन लगाएर सफा पानीले हात धोऔं।
- सफा कपडा वा तौलियाले हात पुछौं।

जीवाणुलगायतको संक्रमणबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्। हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**

राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit | City Express Money Transfer | Best Remit | Prabhu Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेबसाइट** : rajbirajdainik.com.np